# सूचना मेरो अधिकार

त्रैमासिक बुलेटिन

/rtinepal /suchanaayog

वर्ष ४ | अङ्क १ | साउन - असोज (२०८०)


यस भित्र



**सूचनाको हकलाई जनस्तरसम्म पुऱ्याउन सकेमात्र लोकतन्त्र बलियो हुन्छ :** मन्त्री शर्मा

पृष्ठ ६



**कृषि उपजको मुल्यबारे सही सूचना प्रवाह हुन सके कृषक लाभान्वित हुने**

पृष्ठ १४



# सार्वजनिक ओहदामा रहेका व्यक्तिको व्यक्तिगत विवरण गोप्य राख्ने प्रचलन हटाउन कानूनी व्यवस्था आवश्यक : प्रम प्रचण्ड

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सार्वजनिक ओहदामा रहेका हरेक व्यक्तिको सम्पत्ति सहितका व्यक्तिगत विवरण गोप्य राख्ने प्रचलन हटाउन कानूनी व्यवस्था गर्न आवश्यक रहेको बताउनु भएको छ । १७ औं राष्ट्रिय सूचना दिवसका अवसरमा २०८० भदौ ३ गते राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुँदै प्रधानमन्त्री 'प्रचण्ड' ले सो कुरा बताउनु भएको हो । सुशासनको माध्यमबाट लोकतन्त्रलाई संस्थागत गर्न सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको सहज पहुँच हुनु पर्नेमा जोड दिंदै प्रधानमन्त्री 'प्रचण्ड'ले भन्नु भयो, 'सूचनाको हकबाट पारदर्शिता, सुशासन, लोकतान्त्रिक पद्दतिलाई बलियो बनाउन सकिन्छ । सूचना लिने मात्र होइन, दिने संस्कृतिको पनि विकास हुनु आवश्यक छ ।'

नेपाल सरकार सूचनाको हकको कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताउँदै राष्ट्रिय सूचना आयोगको संस्थागत सवलीकरणका लागि आवश्यक सहयोग गर्न सरकार तयार रहेको पनि प्रधानमन्त्री 'प्रचण्ड'ले बताउनु भयो । सार्वजनिक निकायमा हुने अनियमितताका विषयमा सूचना दिन उत्प्रेरित गर्न सूचनादाताको संरक्षणसम्बन्धी कानुनको व्यवस्था गर्न अत्यन्त जरुरी भएको बताउँदै लाल आयोगमात्र होइन, यस्तै किसिमका अन्य आयोग र छानवीन समितिका प्रतिवेदन पनि सार्वजनिक हुनु पर्छ भन्ने पक्षमा आफू रहेको धारणा प्रधानमन्त्री 'प्रचण्ड'ले व्यक्त गर्नु भयो ।

२०६४ मा सूचनाको हकसम्बन्धी कानुन निर्माणका बखतका घटना स्मरण गर्दै प्रधानमन्त्री 'प्रचण्ड'ले राष्ट्रिय सूचना आयोग गठन तथा यसको सबलीकरणका लागि आफूले सकारात्मक भूमिका निर्वाह गरेको बताउँदै आयोगको संस्थागत सबलीकरणका लागि सहयोग गर्न नेपाल सरकार तयार रहेको बताउनु भयो ।

बाँकी पृष्ठ २ मा




### भवन उपलब्ध गराएकोमा प्रधानमन्त्रीलाई धन्यवाद

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङले आयोगलाई सरकारी भवन उपलब्ध गराएकोमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रति आभार व्यक्त गर्नु भएको छ। १७ औं राष्ट्रिय सूचना दिवसका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रमको अध्यक्षता समेत गर्नु भएका राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त गुरुङले राष्ट्रिय सूचना दिवसको अवसरमा सबैलाई शुभकामना व्यक्त गर्दै नेपालको संविधानको धारा २७ बमोजिम हकसम्बन्धी ऐन २०६४ जारी भई कार्यान्वयनमा आएको दिन भाद्र ३ लाई राष्ट्रिय सूचना दिवसका रुपमा मनाउने गरिएको सन्दर्भ उल्लेख गर्दै तत्कालीन समयमा सूचनाको हक ल्याउन प्रयास गर्ने विधायिका, सञ्चारजगत्, सूचनाको हकका विज्ञ, अभियन्ताप्रति आभार व्यक्त गर्नुभयो।

नेपाल सरकारद्वारा गठन गरिएका निकायका छानविन प्रतिवेदनहरु राष्ट्रिय सुरक्षामा असर नपार्ने भएमा सार्वजनिक गर्दा नागरिक सहभागिता र विश्वास बढ्ने भनाइ व्यक्त गर्नु भयो। उहाँले सुशासन कायम गरी देशलाई आर्थिक समृद्धिको बाटोमा लैजान सार्वजनिक निकायबाट सम्पादन हुने सबै क्रियाकलाप सर्वसाधारण नागरिकले थाहा पाउने गरी पारदर्शी हुनुपर्ने, नागरिकहरुको अर्थपूर्ण सहभागिताका लागि सूचनाको हक अत्यन्त उपयोगी माध्यमका रुपमा रहेको हुँदा सूचनाको हकको प्रयोग गर्न र गराउन सर्वसाधारण नागरिक सम्म यसलाई पुऱ्याउनु पर्ने आवश्यकता रहेको प्रमुख सूचना आयुक्त गुरुङले बताउनु भयो। अनुसन्धानको क्रममा रहेकाबाहेक अन्य सबै प्रतिवेदन सार्वजनिक गर्न र सूचनादाताको संरक्षणसम्बन्धी कानून ल्याउन अत्यन्त आवश्यक भएको धारणासमेत प्रमुख सूचना आयुक्त गुरुङले व्यक्त गर्नु भयो।

आयोग सूचनाको हकको क्षेत्रबाट सुशासनका

## पूर्व सूचना आयुक्त सविता भण्डारी बराल सम्मानित




सविता भण्डारी बरालले आयोग स्थापना भएपछि राज्यबाट नै जनतालाई सूचना उपलब्ध गराउने, सूचनाको हकलाई अगाडि बढाउन आफ्नो योगदान रहने कुरामा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालबाट आयोग स्थापनाका बखत प्रतिबद्धता व्यक्त भएको स्मरण गर्दै संयोगबश आज सम्मानित पनि उहाँबाटै हुन पाउँदा खुशी लागेको बताउनु भयो। आयोगले आफूलाई गरेको सम्मानप्रति आभार व्यक्त गर्दै सम्मान पाउँदा आफू धेरै खुशी भएको र यसबाट आफूले पनि सूचनाको हकको क्षेत्रमा केही गर्न सकेको रहेछु भन्ने महसुस गर्न पाएको भनाइ पूर्व सूचना आयुक्त बरालले राख्नु भयो।

राष्ट्रिय सूचना दिवसका अवसरमा २०८० भदौ ३ गते राष्ट्रिय सूचना आयोगद्वारा आयोजित कार्यक्रममा सूचनाको हकको संरक्षण, प्रचलन र सम्बर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरी सुशासन कायम गर्न योगदान पुऱ्याएकोमा राष्ट्रिय सूचना आयोगका पूर्व सूचना आयुक्तसविता भण्डारी बराललाई आयोगद्वारा सम्मान गरियो। सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा सम्मान ग्रहण गर्दै पूर्व सूचना आयुक्त

पूर्व सूचना आयुक्त सविता भण्डारीले मन्तव्य राख्ने क्रममा सूचनाको हक नागरिकको मौलिक हकमात्र नभई राज्यले कानून अनुसार कार्य गरेको छ कि छैन भनेर त्यसको मापन गर्ने अस्त्रसमेत रहेको बताउनु भयो। उहाँले सूचना आयोगलाई संवैधानिक बनाउनु पर्नेमा आयोगमा कायम रहेको सचिवको दरवन्दी कटौती गरिएकोप्रति गुनासो व्यक्त गर्दै यसमा पुनर्विचार गर्नसमेत आग्रह गर्नु भयो।



लागि सकारात्मक योगदान पुगोस् भनेर क्षमताले भ्याएसम्म प्रतिबद्ध भएर लागिरहेको उल्लेख गर्दै आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई केही हदसम्म भए पनि कार्यान्वयन गरिदिन र २०६४ को सूचनाको हकसम्बन्धी ऐनभन्दा अलि अगाडि बढेर सूचनाको वर्गीकरण हुनु जरुरी भएको र त्यसका लागि पनि सम्माननीय प्रधानमन्त्रीबाट सकारात्मक पहल हुने विश्वास व्यक्त गर्नु भयो । आयोगलाई सरकारी भवन उपलब्ध गरा एकोमा प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्दै सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राजनैतिक दल तथा नेतृत्व, सार्वजनिक निकायका पदाधिकारी, सूचनाको हकका अभियन्ता, सञ्चारकर्मी, नागरिक समाजको महत्वपूर्ण भूमिका रहने भएकोले सूचनाको हकजस्तो महत्वपूर्ण मौलिक हकको प्रचलन र संरक्षणका लागि सबै पक्षबाट सूचना आयोगलाई नियमित रुपमा प्राप्त सुझाव र सहयोगप्रति आभार व्यक्त गर्दै १७ औं राष्ट्रिय सूचना दिवसका अवसरमा सबैलाई शुभकामना व्यक्त गर्नु भयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले लोकतन्त्रको प्रतिफल आमनागरिकसमक्ष पुऱ्याउन र सूचनाको हकलाई बलियो बनाउन राज्यको अभिभावकीय भूमिका महत्वपूर्ण हुने भएकोले यसतर्फ राज्य इमान्दार भएर लाग्नु पर्ने बताउँदै राज्यका संयन्त्रहरु नागरिकलाई सूचना दिने विषयमा इमान्दार हुनु पर्नेमा जोड दिनु भयो ।

सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उमिद वागचन्दले अझै पनि सार्वजनिक निकाय सूचना प्रवाहमा सहज हुन नसकेको बताउँदै प्रत्येक नागरिकले सूचना माग्ने र सार्वजनिक निकायले पनि मागेको सूचना सहज रुपमा दिने अभ्यासको सही कार्यान्वयन हुनु पर्ने धारणा राख्नु भयो । आयोगका सचिव दिवस आचार्यले स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको कार्यक्रमलाई आयोगका शाखा अधिकृत जीवन कुँवरले सञ्चालन गर्नु भएको थियो । नेपाल पत्रकार महासंघका सभापति विपुल पोखरेल र सूचनाको हकका लागि राष्ट्रिय महासंघका उक्त कार्यक्रममा सूचनाको हकको संरक्षण, प्रचलन र सम्बर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरी सुशासन कायम गर्न योगदान पुऱ्याएकोमा आयोगका पूर्व सूचना आयुक्त सविता भण्डारी बराललाई सम्मान र आयोगलाई सूचना प्रविधिमा आधारित सामाग्रीहरु उपलब्ध गराई सहयोग पुऱ्याएकोमा नेपाल दूरसञ्चार प्राधिकरणलाई धन्यवाद पत्र प्रदान गरिएको थियो ।

संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन २०६४ साल साउन ५ गते जारी भई २०६४ भदौ ३ गते देखि लागू भएको दिनको सम्झनामा हरेक वर्ष भदौ ३ गते राष्ट्रिय सूचना दिवसका रुपमा मनाउने गरिएको छ । यसै सन्दर्भमा २०८० भदौ ३ गते काठमाडौंमा आयोगद्वारा एक मूल कार्यक्रम आयोजना गरी उक्त दिवस मनाइएको थियो । ■

## नेपाल दूरसञ्चार प्राधिकरणलाई धन्यवाद पत्र प्रदान




राष्ट्रिय सूचना दिवसको अवसरमा २०८० भदौ आयोजित कार्यक्रममा नागरिकको सुसूचित हुने सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउनका लागि स्थापित राष्ट्रिय सूचना आयोगबाट सम्पादन हुने कार्यलाई सूचना प्रविधि प्रणालीको माध्यमबाट स्वचालित बनाउन आवश्यक सूचना प्रविधि प्रणाली स्तरोन्नति गरी सूचना प्रविधिसम्बन्धी उपकरणहरु आयोगलाई उपलब्ध गराई सहयोग पुऱ्याएकोमा नेपाल दूरसञ्चार प्राधिकरणलाई आयोगका तर्फबाट सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले धन्यवाद पत्र प्रदान गर्नु भयो । उक्त धन्यवादको पत्र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले ग्रहण गर्नु भएको थियो ।

# १७ औं राष्ट्रिय सूचना दिवसका अवसरमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को मन्तव्य




**कार्यक्रमका अध्यक्षज्यू,**
**दिगो विकास तथा सुशासन विकास समितिका माननीय सभापतिज्यू**
**राष्ट्रिय सूचना आयोगका आयुक्तहरु**

मूख्यसचिवजी र अन्य उपस्थित महानुभावहरु नेपालको संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र मागेको सूचना पाउने हकको संरक्षण गरिएको छ। त्यस्तै सूचनाको हकसम्बन्धी ऐन २०६४ मा सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचनामा नागरिकको पहुँच स्थापित गरिएको छ। संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्यको सूचकाङ्कमध्ये १६.१०.२ मा समेत सूचनाको हकसम्बन्धी सूचकाङ्क समेटिएको छ।

नागरिकको महत्वपूर्ण अधिकारका रुपमा सूचनाको अधिकारलाई सुनिश्चित गर्ने सूचनाको हकसम्बन्धी कानून नेपालमा लागू भएको १६ वर्ष पूरा भई १७ औं वर्ष प्रवेश भएको छ। म सर्वप्रथम राष्ट्रिय सूचना दिवसको यस अवसरमा सबैलाई हार्दिक बधाई भन्न चाहन्छु। मलाई अहिले पनि सम्झना छ, २०६४ सालमा तत्कालीन संसदमा सरकारले दर्ता गराएको सूचनाको हकसम्बन्धी विधेयकप्रति धेरै अधिकारकर्मीको असहमति रहेको थियो, मेरै पहलमा तत्कालीन सञ्चारमन्त्री कृष्णबहादुर महराजीलाई उक्त विधेयक फिर्ता ल्याएर विज्ञ साथीहरुसमेतको सुझावका आधारमा अहिलेको कानूनको मस्यौदा गरिएको थियो, र यसलाई संसदबाट सहजै पारित गरियो। नेपालको सूचनाको हकसम्बन्धी ऐनलाई विश्वका उत्कृष्ट ऐनहरुको सूचीमा राखिएको थियो।

नेपालमा सूचनाको हकसम्बन्धी कानून लागू भएको लामो समय हुँदा पनि नागरिकले जुन रुपमा यो अधिकारको व्यापक प्रयोग गर्नुपर्ने हो, त्यस अनुरुप हुन सकिरहेको छैन। संविधान र कानूनमा सबै सार्वजनिक निकायमा रहेका सूचनाको वास्तविक मालिक नागरिकलाई मानिए पनि सबै प्रकारका सूचनामा उनीहरुको पहुँच स्थापित हुन नसकेको अनुभूति भइरहेको छ। यसैगरी कानून कार्यान्वयनमा सार्वजनिक निकायलाई अझै बढी जिम्मेवार र जवाफदेही बनाउनु पर्ने देखिन्छ।

खासगरी केही सञ्चारकर्मी र अभियन्ताहरूले सूचना माग्ने गरे तापनि आमनागरिकबाट जुन अनुपातमा सूचना मागिनु पर्ने हो त्यो अत्यन्त न्यून रहेको देखिन्छ। सूचनाको हक सार्वजनिक निकायमा सधैं पहुँच पुर्‍याउन सक्ने केही सीमित मान्छेका लागि होइन। यो त वर्षौंदेखि राज्यबाट उपेक्षित र उत्पीडनको अवस्थामा रहेका किसान, मजदूर, महिला, दलित, सिमान्तकृत समुदायसहित आमजनसमुदायका लागि हो। वास्तविक लोकतान्त्रिक अभ्यास गर्नेहरुले सूचना लुकाउँदैनन्, बरु कोही सूचना माग्न नआए पनि आफै विभिन्न माध्ययमबाट गोप्य राख्नुपर्ने बाहेक अन्य सूचनाहरु नागरिकमाझ नियमित प्रसारण गर्ने गर्दछन्। सरकार र हरेक सार्वजनिक निकायले अनिवार्यरुपमा आफूले गरिरहेको काम, नागरिकले पाउने सुविधा, तोकिएको बजेट र त्यसको खर्चसहितका सबै विवरण नियमितरुपमा सार्वजनिक गर्नै पर्दछ। नागरिकहरुले घर वा कार्यस्थलमै रेडियो, टिभी, पत्रपत्रिका, अनलाइनसहितका विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक निकायमा रहेका हरेक सूचना थाहा पाउनु पर्दछ।

सूचनाको हकको प्रभावकारी कार्यान्वयनले सरकारका कामकारवाहीलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई शासकीय संयन्त्रलाई आमनागरिकप्रति उत्तरदायी, जवाफदेही र जिम्मेवारी बनाउँदछ। राज्यका सूचनामा आमनागरिकको पहुँच र सहभागिता अभिवृद्धि गराउनु लोकतान्त्रिक प्रणालीको संस्कार हो। लोकतान्त्रिक पद्दतिमा राज्यका हरेक क्रियाकलापहरुमा नागरिकहरुले जान्ने, बुझ्ने र सुन्ने अधिकार मात्र होइन, राज्यका संयन्त्रलाई नागरिकप्रति जवाफदेही बनाई सुशासन र पारदर्शिता कायम गर्न लगाउन सक्छन्। लोकतान्त्रिक व्यवस्थामा नागरिकका अधिकारका रुपमा सूचनाको अधिकारको सुनिश्चित गर्नुको अर्थ राज्यका शासकीय संयन्त्र तथा राजनीतिक दल र संस्थाका कामकारवाहीमा जननिगरानी, जननियन्त्रण र जनखवरदारी बढाउनु हो र खुला, पारदर्शी र सुशासनयुक्त समाज निर्माण गरी जनसहभागितामूलक लोकतन्त्रको असल अभ्यास गर्नु हो।

लोकतन्त्र र पारदर्शिताको एक महत्वपूर्ण स्तम्भ मानिने सूचनाको हक कार्यान्वयनमा 'सेन्टर फर ल एण्ड डेमोक्रेसी' संस्थाले गरेको अध्ययनमा विश्वव्यापी वरियतामा नेपाल २२ औं स्थानमा रहेको छ। उता भ्रष्टाचार अवधारणा सूचकाङ्क (Corruption perception index) मा भने नेपाल ११० औं स्थानमा रहेको छ। सर्वेक्षणहरुलाई दृष्टिगत गर्ने हो भने नेपालको नतिजा त्यति सन्तोषजनक होइन। सार्वजनिक पदाधिकारीहरूको कामकारवाहीबारे जनताको

कम निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच कम हुने अवस्थाका कारण भ्रष्टाचार मौलाउँदै जाने खतरा हुने हुँदा यसप्रति हामी सबैको ध्यान जान जरुरी छ।

सूचना प्रविधिको समायानुकूलको तीब्रतर विकाससँगै नेपालमा सार्वजनिक निकायहरुमा टिजिटल गभर्नेन्सको प्रयोग बढाउनुपर्ने र सूचनाको हकलाई आमजनतामा रक्तसञ्चार गरी भ्रष्टाचारलाई नियन्त्रण गर्न 'जनता ब्युझिने महाअभियान' नै सञ्चालन गर्नुपर्ने देखिन्छ। जनतासँग प्रत्यक्ष जोडिएका आमसरोकारका विषयमा अधिकांश निकायका सूचना प्रवाहको अवस्था कमजोर देखिन्छ। राणाकालीन शासन, पञ्चायती कालरात्री र राजतन्त्रकाविरुद्ध नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट लडेर ल्याएको गणतन्त्रमा पनि दिन मिल्ने, सार्वजनिक गर्नै पर्ने सूचना लुकाउने संस्कार राम्रो होइन। आधुनिक विश्वमा सार्वजनिक तथा निजी क्षेत्रमा आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोग हुँदै गइरहेको र स्वचालितरुपमै सूचनाहरु हरेक व्यक्तिले प्रयोग गर्ने डिभाइसमै उपलब्ध हुने गरेको अवस्थामा हाम्रो ध्यान त्यता जानु पर्दछ।

यतिबेला सरकार देशको समृद्धि र सामाजिक न्यायको पक्षमा दृढतापूर्वक अघि बढेको छ। देशमा सुशासन कायम नहुँदासम्म समृद्धि र सामाजिक न्याय सम्भव छैन। अत: भष्टाचार जस्तो जघन्य अपराधलाई जरैदेखि उखेलेर फाली सुशासन कायम गर्ने सरकारको लक्ष्य हो। यसमा सबैको साथ र सहयोगको अपेक्षा गर्दछु। हिजो भ्रष्टाचारले आक्रान्त भएका शासकीय क्षमता कमजोर भएका मुलुकहरुले समेत आफूलाई सुधार गर्दै आर्थिक समृद्धितर्फ फड्को मार्दै गर्दा हामीले आफ्नो अवस्थाबारे सोच्नै पर्दछ। हो, हिजो राजनीतिक अस्थिरतालाई दुहाई दिँदै विकास समृद्वि सम्भव भएन भन्ने गरिन्थ्यो, तर अब कुनै पनि बहानावाजी सैह्य हुने छैन। अब सामाजिक न्याय र समृद्विको सोचलाई वास्तविकतामा रुपान्तरण गर्ने बेला भइसकेको छ। अब हामीलाई रुमल्लिने, एकअर्कालाई दोषारोपण गर्दै सत्तोसराप गर्ने वा समस्याका चाङ खडा हुँदा पनि त्यसको समाधान नगरेर अवरोध गरिरहने छुट छैन। मैले भन्ने गरेको छु, अब हामी सबै मिलेर यो राष्ट्र बनाऊँ। जनताको हितका बारेमा सोचौं। राष्ट्रिय समृद्विका लागि सरकार, सबै राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाजसहित सबै सार्वजनिक निकाय सबै गोलबन्द र एकताबद्ध हुन म विशेष आह्वान गर्दछु।

हामीले संघीय लोकतान्त्रिक गणतन्त्र ल्यायौं। यो सामान्य दवावले आएको होइन।  यसका लागि जनयुद्ध र जनआन्दोलन भए। लाखौंले संघर्ष गरे, हजारौंले बलिदान दिए। यो हाम्रो गर्विलो इतिहास हो। तर मुलुकको रुपान्तरणको विषय यहाँसम्म सीमित गर्दा मात्र पुग्दैन। हामी समाजवादको यात्रामा छौं। हामी व्यवस्था परिवर्तनका सम्बाहक बने पनि जनताको यथार्थ अवस्थामा परिवर्तन नल्याउँदासम्म सामाजिक न्याय र समृद्धि प्राप्त हुँदैन। दुरदराजका किसान र श्रमिकले महसुस गर्ने गरी हाम्रा प्रशासनिक संयन्त्रहरुलाई जनतासँग सँगै हिंडाउने सहभागितामूलक सेवामुखी संरचनामा रुपान्तरण गर्न जरुरी छ। अनिमात्र राज्यमा असल लोकतन्त्रको अभ्याससँगै सुशासन र पारदर्शिता कायम गर्न सकिन्छ।

वास्तवमा राज्यका सार्वजनिक निकायबाट भए-गरेका कामकारवाहीका सूचना माग गर्नै नपर्ने अवस्थाको सिर्जना गर्दा यसबाट सरकार र जनताबीचको विश्वासको वातावरण पैदा हुन्छ। वर्तमान सरकार सुशासन प्रवर्द्वन गर्न सूचनाको हकको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्व छ। सरकार मातहतका सबै निकायलाई खुलापनमा आधारित प्रशासनिक संस्कार र पारदर्शताको विधिको माध्ययमबाट जनतालाई आफ्ना कामकारवाहीबारे बोध गराउने विषयमा सरकार सधैं प्रयत्नशील रहने प्रतिबद्वता गर्दछु।

म प्रधानमन्त्री भएलगत्तै त्यसअघिको सूचनाको वर्गीकरणसम्बन्धी प्रस्तावमा यहाँहरुको गुनासो रहेपछि त्यसलाई स्थगित गरी सूचनाको हकसम्बन्धी कानूनलाई कमजोर नहुने गरी वर्गीकरण गर्न निर्देशन दिएको सबैलाई अवगतै छ। त्यस्तै यसै वर्षदेखि कक्षा ८ को पाठ्यक्रममा पनि सूचनाको हकसम्बन्धी विषय समावेश गरिएको छ। यसका अलावा सरकारले सूचनाको हकको कार्यान्वयनका लागि विभिन्न संरचनागत संयन्त्र र कानूनहरु तय गरेको छ। सूचनाको हकलाई कार्यान्वयन गराउने महत्वपूर्ण संयन्त्र सूचना आयोगलाई अझै बलियो र सशक्त बनाउनुपर्ने महसुस गरी मेरै पहलमा हालै सरकारी भवनको व्यवस्था गरिएको छ। आयोगलाई अझै सशक्त बनाउन यसको संरचनात्मक सुधार आवश्यक छ। यसका लागि आयोगलाई सरकारकातर्फबाट अन्य आवश्यक सहयोग रहने विश्वास पनि दिलाउन चाहन्छु। राज्य संयन्त्रका सूचना विवरण, तथ्य र तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने कार्यलाई समयसापेक्ष प्रविधिमैत्री बनाउन आवश्यक छ। देश संघीय गणतन्त्रमय भए तापनि समयानुकूल पुराना कानूनहरु संशोधन नहुँदा त्यसको प्रत्यक्ष असर सरकारको कामकारवाहीमा परेको छ।

यसैगरी राज्यमा भ्रष्टाचार नियन्त्रणका पनि सूचना लिनेमात्र होइन, दिने संस्कारको विकास गर्न आवश्यक छ। सार्वजनिक निकायमा घुस, ढिलासुस्ती, गलत निर्णय, अपारदर्शी व्यवहारजस्ता विषयमा सूचना दिन उत्प्रेरित गर्न सूचनाको साक्षी संरक्षण Whistle Blower Protection सम्बन्धी कानूनी व्यवस्था गर्न जरुरी भइसकेको छ। त्यस्तै विश्वमा भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा प्रयोग भएको नयाँ प्रविधिमा आधारित ब्लकचेन टेक्नोलोजीको पनि हामीले अध्ययन गर्न आवश्यक छ। अब सार्वजनिक ओहोदामा रहेका हरेक व्यक्तिको सम्पत्तिसहितका व्यक्तिगत विवरण गोप्य राख्ने प्रचलन हटाउन पनि कानूनी व्यवस्था गर्न जरुरी छ।

सार्वजनिक महत्वको सूचनामा नागरिकको सहज पहुँच पुऱ्याउन, नागरिकको सूचनाको हकको सम्मान गर्न, कानूनले निर्दिष्ट गरेकै अवधिभित्र सूचना मागकर्ता नागरिकलाई सूचना दिन, सूचना माग र प्रवाहको अलग्गै अभिलेख राख्न, सूचनाको वर्गीकरण गर्न, सूचनादाताको संरक्षण गर्न र सूचना प्रवाहकै माध्यमद्वारा आमजनतामा सुशासनको अनुभूति दिलाउन सरकार प्रतिबद्व रहेको छ। र, राष्ट्रिय सूचना दिवसको यस अवसरमा म सरकारी कार्यालय, राजनैतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सबै निकायले सूचनाको हकसम्बन्धी कानूनले निर्दिष्ट गरेको दायित्वलाई पालना गर्न अनुरोध गर्दै विदा हुन्छु। धन्यवाद। ■

३ भदौ, २०८०



# सूचनाको हकलाई जनस्तरसम्म पुऱ्याउन सकेमात्र लोकतन्त्र बलियो हुन्छ : मन्त्री शर्मा

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय रेखा शर्माले सूचनाको हकलाई जनस्तरसम्म पुऱ्याउन सकेमात्र लोकतन्त्र बलियो हुने धारणा व्यक्त गर्नु भएको छ । राष्ट्रिय सूचना आयोगद्वारा सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सप्टेम्बर २८) का अवसरमा असोज ११ गते काठमाडौंमा आयोजित राष्ट्रिय गोष्ठीमा प्रमुख अतिथिको रुपमा आमन्त्रित मन्त्री शर्माले द्रुत गतिमा विकास भइरहेको सूचना प्रविधिबारे जानकार हुन सकेमात्र सफल जीवन जीउन सकिने धारणा व्यक्त गर्दै गोष्ठीबाट प्राप्त सुझाव र निष्कर्षलाई मन्त्रालयले आत्मसात् गर्ने विश्वास दिलाउनु भयो ।

सूचनाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको प्रसङ्ग उल्लेख गर्दै मन्त्री शर्माले यसको प्रभावकारी कार्यान्वयन हुन सके जनता र लोकतन्त्रलाई बलियो बनाउने बताउनु बताउनु भयो । लोकतन्त्रमा राज्यले गरेका सबै क्रियाकलाप पारदर्शी हुनु पर्नेमा जोड दिंदै अनलाइन स्पेशको विकाससँगै विभिन्न चुनौतिहरु पनि सिर्जना भएकोले चुनौतीलाई न्यूनीकरण गर्ने दिशामा सम्बद्ध सबै पक्षले ध्यान दिन आवश्यक रहेकोतर्फ सहभागीको ध्यानाकर्षण गराउनु भयो । सूचना र प्रविधिको जति धेरै विकास हुन्छ, सूचनाको हक पनि त्यति नै सहज, सरल र व्यापक हुने धारणा व्यक्त गर्दै वर्तमान सुशासन, सामाजिक न्याय र समृद्धिलाई मूल मन्त्र बनाएर यी उद्देश्य हासिल गर्न दृढतापूर्वक लागि परेको बताउनु भयो ।

मन्त्री शर्माले भन्नु भयो, 'अनलाइन स्पेसको विकाससँगै भ्रमपूर्ण सूचना आतङ्क बढ्न थालेको छ । यो पनि सूचनाको हकको सन्दर्भमा अर्को चुनौती हो किनभने यसले नागरिकको सत्य जान्न पाउने अधिकार कुण्ठित गर्दछ ।'

अनलाइन स्पेसलाई सुरक्षित बनाउँदै सूचनाको संरक्षण र सही रुपमा सूचना प्रवाह गर्ने संयन्त्रको विकास गर्नु अहिलेको महत्वपूर्ण आवश्यकता भएकोमा जोड दिंदै त्यसका लागि नीति निर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउन राष्ट्रिय सूचना आयोगले नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा आफूले गरेको मन्त्री शर्माले बताउनु भयो । ■



# सूचनाको हकसम्बन्धी सहयोगी पुस्तिका विमोचन

सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८) का अवसरमा असोज ११ गते काठमाडौंमा आयोजित कार्यक्रमका अवसरमा सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि तयार गरिएको हाते पुस्तिका सार्वजनिक गरियो। यी दुबै पुस्तिका कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय रेखा शर्माबाट सार्वजनिकीकरण गरिएको हो।

सूचना मागकर्ताका लागि तयार गरिएको सहयोगी पुस्तिकामा सूचनाको हकको कानुनी व्यवस्था, सूचनाको हकको इतिहास र विकासक्रम, राष्ट्रिय सूचना आयोगको गठन, सूचना माग गर्ने र प्राप्त गर्ने तरिका, सूचना अधिकारी र कार्यालय प्रमुखसँग सूचना माग्ने विधि तथा सूचना नपाएमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्ने तरिका र पुनरावेदनउपर कसरी कारवाही हुन्छ भन्ने बारेमा जानकारी गराइएको छ। सूचना दिन अटेरी गर्नेलाई हुने सजाय र सूचना नपाएका कारणबाट हानि- नोक्सानी भए क्षतिपूर्ति पाउने व्यवस्था, सूचना माग गर्दा लाग्ने दस्तुर, सूचना माग गरेर सुशासनमा पुग्ने योगदान, सूचनाको वर्गीकरण तथा सूचना माग गर्नु पर्ने नागरिकको कर्तव्यका बारेमा उक्त हाते पुस्तिकामा जानकारी गराइएको छ। पुस्तिकामा सूचना माग गर्ने र पुनरावेदन गर्ने निवेदनका ढाँचासमेत समेटिएको छ।

सार्वजनिक निकायका लागि तयार पारिएको सहयोगी पुस्तिकामा सार्वजनिक निकायका पदाधिकारीले गर्नु पर्ने सूचनाको हकको सम्मान, खुला र पारदर्शी कार्यसंस्कृति, सार्वजनिक निकायले अपवादबाहेकका सबै सूचना प्रवाहलाई सहज बनाउनु पर्ने, सूचनाको वर्गीकरण र सार्वजनिक निकायको दायित्व, मातहतका कार्यालयको कामको सुपरीवेक्षण र स्वत: प्रकाशनको व्यवस्था, सूचना अधिकारीको व्यवस्था र सूचना दिने विधि, सूचनाको लागि लाग्ने दस्तुर, सूचनाको दुरुपयोगमा हुने कारवाही, सूचना र सूचनादाताको संरक्षण आदिका बारेमा जानकारी गराइएको छ। पुस्तिकामा सूचना मागको अभिलेख राख्ने र सूचनाको हकको कार्यान्वयनको प्रगति प्रतिवेदन पठाउने ढाँचासमेत समेटिएको छ। ■

# अनलाइन स्पेस र सूचनाको हक : अवसर र चुनौती विषयक कार्यपत्र तथा सोउपर टिप्पणी



सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (सेप्टेम्बर २८) का अवसरमा असोज ११ गते राष्ट्रिय सूचना आयोग र डिजिटल राइट्स, नेपालद्वारा संयुक्त रुपमा आयोजित गोष्ठीमा अनलाइन स्पेस र सूचनाको हक अवसर र चुनौती विषयमा डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यकारी निर्देशक सिग्देलले सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तराष्ट्रिय दिवस मनाउनुको ऐतिहासिक घटना स्मरण गर्दै अहिलेको अवस्थामा अनलाइन स्पेशके हो ? सूचनाको हकको लागि अनलाइन स्पेशको महत्व, सूचना प्रविधिमा विद्युतीय माध्यमको प्रयोग, अनलाइन स्पेशको वर्तमान परिदृष्य आदिको बारेमा सविस्तार बताउनु भयो। विश्वभरि र हाम्रो देशमा पनि अहिले e-governance को चर्चा चलेको प्रसङ्ग उल्लेख गर्दै e-governance का लागि Online Space अपरिहार्य रहेकोमा सिग्देलले जोड दिनु भयो। सूचना माग गर्ने प्रक्रिया पनि अनलाइनमार्फत् हुनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै सूचनाको हकको सन्दर्भमा अनलाइन स्पेशको महत्वसँगै रहेका चुनौतीका बारेमा पनि निर्देशक सिग्देलले चर्चा गर्नु भयो। तथ्याङ्क व्यवस्थापनमा राज्यका तीनै तहले काम गर्नुपर्नेमा जोड दिंदै सिग्देलले नागरिकका व्यक्तिगत विवरणको सुरक्षातर्फ पनि ध्यान दिन जरुरी भएको बताउनु भयो। अनलाइन स्पेशका चुनौतीलाई न्यूनीकरण गर्न राज्यले निजी क्षेत्रसँग सम्बन्धित संस्थाहरुसँग समेतछलफल चलाउनु पर्ने र हाल भइरहेको स्वत: प्रकाशनको ढाँचामा समेत परिमार्जन गर्नु जरुरी रहेको धारणा निर्देशक सिग्देलले राख्नु भएको थियो।

डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देलद्वारा प्रस्तुत कार्यपत्रमाथि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सह-सचिव अनिल कुमार दत्त, सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवा र राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले टिप्पणी गर्नु भएको थियो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल कुमार दत्तले कार्यपत्र सान्दर्भिक रहेको उल्लेख गर्दै सूचनाको हकको विकासक्रम, आजको अवस्थामा अनलाइन स्पेशको महत्व, विद्युतीय Signature प्रयोग गरेर अनलाइनमार्फत् सूचना दिन सकिने तथा नागरिकको



व्यक्तिगत विवरण राज्यले एकपटक लिइसकेपछि पटक-पटक सोही प्रक्रिया अपनाउनुको सट्टा एक निकायबाट अर्को निकायलाई शेयर गर्न सकिने प्रावधानको व्यवस्था गर्नुपर्ने बताउनु भयो ।

सरकारी निकायमा सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्नेतर्फ सरकार लाग्नु पर्ने उल्लेख गर्दै अनलाइन प्रणाली अवलम्बन गर्दा अवसरसँगै चुनौति पनि धेरै नै रहेको बताउनु भयो । सरकारी निकायमा रहेका तथ्याङ्कलाई ह्याक (Hack) हुनबाट कसरी रोक्ने र कसरी सुरक्षित बनाउने भन्ने विषयमा ध्यान दिन ढिला गर्न नहुनेमा पनि सहसचिव दत्तले जोड दिनु भयो ।

सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवाले अनलाइनका कारण महिला पत्रकारले भोग्नु परेका समस्याका बारेमा प्रकाश पार्दै ४३% महिला इन्टरनेटको पहुँचमा रहेको र इनटरनेटको सहज पहुँचले गर्दा आममहिलाले सुविधासँगै समस्यासमेत भोग्नु परेको तथ्याङ्क प्रस्तुत गर्नुभयो । समस्यालाई न्यूनीकरण गर्न र जोखिम घटाउन राज्यले प्रभावकारी भूमिका खेल्नु पर्ने धारणा राख्दै सामाजिक सञ्जालमा आउने विषयलाई कुन ठीक कुन बेठीक भनेर आममानिसलाई छुट्याउन अप्ठेरो परेको तुम्खेवाले बताउनु भयो । सूचनाको हकको बारेमा जनचेतना फैलाउन सञ्चारिका समूहले प्रयास गरिरहेको उल्लेख गर्दै राज्यले बनाएका हरेक कानुनको प्रभावकारी कार्यान्वयका लागि महिलाहरुको समेत व्यापक सहभागिताको सुनिश्चितता गर्नु पर्नेमा तुम्खेवाले जोड दिनु भयो ।

कार्यपत्रमाथि टिप्पणी गर्दै सूचना आयुक्त रत्नप्रसाद मैनालीले कार्यपत्र अत्यन्तै सान्दर्भिक र उपयोगी भएको बताउनु भयो । सूचनाको हकको प्रयोगलाई प्रविधि र नागरिकमैत्री बनाउन कतिपय कानून परिमार्जन गर्न जरुरी रहेको प्रसङ्ग उल्लेख गर्दै कतिपय सार्वजनिक निकायले इमेललाई आधिकारिक मान्न तयार नरहेको आयुक्त मैनालीले बताउनु भयो । राष्ट्रिय सूचना आयोगले अनलाइनमार्फत् नै निवेदन र पुनरावेदन दिन सकिने व्यवस्थालाई प्रयोगमा ल्याएको बताउँदै सूचना आयुक्त मैनालीले अलाइन प्रणालीलाई थेग्ने किसिमका पूर्वाधारको विकास हुन जरुरी रहेकोमा जोड दिनु भयो ।

अनलाइन स्पेशको प्रयोगका लागि डिजिटाइजेशनसँगै विद्युतीय साक्षरताको विकास हुन जरुरी रहेकोमा जोड दिंदै मैनालीले सार्वजनिक निकाय र उक्त निकायमा काम गर्ने पदाधिकारीमा यस सम्बन्धमा काम गर्ने इच्छाशक्ति र तत्परता देखिनु पर्ने बताउनु भयो । सुशासनका लागि खुला र पारदर्शी संस्कार आवश्यक रहेको बताउँदै गोपनीयताको सफथ खाने संस्कृति रहेसम्म खुलापन र पारदर्शिता सम्भव नरहेको मैनालीले बताउनु भयो । विश्वका विकशित भनिएका मुलुकले खुलापन चरम अवस्था पार गरेर वैयक्तिक गोपनीयतालाई संरक्षण गर्नु पर्ने आवश्यकता महसुस गरेको धारणा व्यक्त गर्दै मैनालीले भन्नु भयो- कयौं देशले खुला सरकारको अवधारणा अवलम्बन गरिरहेको अवस्थामा हाम्रोजस्तो देशमा भने सूचनाको हकको कार्यान्वयन पनि अपेक्षित सकारात्मक हुन नसक्नु दु:खद रहेको बताउनु भयो । अनलाइन स्पेशको प्रयोगबाट अधिकतम् फाइदा लिन राज्यले नीतिगत रुपमै पहल गर्नु पर्ने उल्लेख गर्दै साइवर र तथ्याङ्कको सुरक्षाका साथै सूचना प्रविधिका सम्बन्धमा नीति निर्माण र नियमनका लागि छुट्टै एकीकृत निकायको आवश्यकता रहेको सूचना आयुक्त मैनालीले जोड दिनु भयो । ■




# 'सूचनाको हकलाई जनतासम्म पुऱ्याउन आवश्यक'

सबैभन्दा पहिले सूचनामा सर्वब्यापी पहुँचका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यसै सन्दर्भमा राष्ट्रिय सूचना आयोगले आयोजना गरेको ' अनलाइन स्पेस र सूचनाको हक: अवसर र चुनौती' विषयक राष्ट्रिय गोष्ठी सफल हुन सकोस्, शुभकामना पनि भन्न चाहन्छु।

संयुक्त राष्ट्र संघको आह्वानमा September-28 लाई प्रत्येक वर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाउने गरिएको छ। यो वर्ष विश्वब्यापीरुपमा The Importance of Online Space for Access to Information भन्ने नाराका साथ दिवस मनाइँदैछ। हामीले नेपालमा 'अनलाइन स्पेस र सूचनाको हक : अवसर र चुनौती' भन्ने नाराका साथ यो दिवस मनाउँदैछौं।

सूचनाको हकलाई संविधानमा मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारका कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुरक्षित गरेको छ। संवैधानिक व्यवस्थाको कार्यन्वयनका लागि लोकतान्त्रिक पद्दतिको स्थापनापश्चात् स्थापित संविधानसभाले जारी गरेको सूचनाको हकसम्बन्धी ऐन २०६४ अहिले कार्यान्वयनमा छ।

संविधान र कानुनले सुनिश्चित गरेको सूचनाको हकको मुख्य उद्देश्य जनतालाई बलियो बनाउनु हो। जब जनताले आफूले खोजेको सार्वजनिक सरोकारका सूचना प्राप्त गर्छन्, त्यसको प्रयोगबाट उनीहरु सशक्त बन्छन्।

सशक्त र सचेत जनताको खबरदारीले मात्र लोकतन्त्र बलियो बन्न सक्छ। यसले सार्वजनिक सरोकारका सबै क्षेत्रमा जनताको पहुँच स्थापित गर्न सहयोग पुऱ्याउँछ। सूचनाका हक जनतालाई सशक्त र लोकतन्त्रलाई बलियो

बनाउने माध्यम भएकाले यसको प्रयोगलाई जनस्तरसम्म पुऱ्याउनु आवश्यक छ ।

नागरिकलाई बलियो बनाए पारदर्शिता कायम हुने, पारदर्शिताले सुशासन, सामाजिक न्याय र विकासको प्रत्याभूति हुने र परिणामस्वरुप राज्य बलियो हुने मान्यतास्वरुप सूचनाको अधिकार विश्वव्यापी रुपमा स्वीकार्य बन्दै गएको छ । लोकतन्त्रमा राज्य र मातहतका निकायबाट सम्पादन हुने सबै सिक्रयाकलापहरु बारेमा स्पष्ट, सत्य र पूरा सूचना पाउने हक जनतालाई प्रत्याभूत गरिएको हुन्छ । लोकतन्त्रमा राज्य र मातहतका निकायबाट सम्पादन हुने सबै कृयाकलापको बारेमा स्पष्ट, सत्य र पूर्ण सूचना पाउने हक जनतालाई प्रत्याभूत गरिएको हुन्छ ।

एकातिर सूचना माग गर्ने आम नागरिकको चेतना बढाउनुपर्ने छ भने अर्कोतिर तीनै तहका सरकार र सबै सार्वजनिक निकायबाट सहजरुपमा सूचना प्रवाहको व्यवस्था गर्नुपर्ने छ । नागरिक तहसम्म सूचनाको हक पुऱ्याउने, सूचना लुकाउने प्रवृत्तिलाई निरुत्साहित गर्ने र सूचना संरक्षण गर्ने कार्यमा सार्वजनिक निकायहरुमा तदारुकता बढाउनुपर्ने अबको दायित्व हो । सार्वजनिक सूचना लुकाउनु गैरकानुनी काम हो भन्ने सचेतना विस्तार गर्दै सूचना नदिने, लुकाउने, संरक्षण तथा आदेश कार्यान्वयन नगर्नेहरुमाथि कानुनी कारवाहीको दायरा बढाएर लैजानु आवश्यक छ ।

सूचना र प्रविधिको अत्यधिक विकासले सबै क्षेत्रलाई यसले प्रभावित गरेको छ । अनलाइन स्पेसको विकाससँगै यसबाट अवसर र चुनौती दुबै बढेका छन् । सूचना र प्रविधिको जति धेरै विकास हुन्छ, सूचनाको हक पनि त्यति नै सहज, सरल र व्यापक हुन्छ ।

सरकारी, गैरसरकारी निकाय, जनताको सेवामा काम गरिरहेका सार्वजनिक निकाय, निजी क्षेत्रलगायत सबै सेवा प्रदायक तथा सरोकारवालाहरुले सूचना प्रविधिको प्रयोग गर्दै जाँदा सार्वजनिक सूचना सङ्कलन, संरक्षण र सार्वजनिक गर्न धेरै सहयोग पुगिरहेको छ । अब अनलाइनबाटै सार्वजनिक सूचना माग गर्ने र प्रवाह गर्ने अवस्थाको सिर्जना भएको छ, सूचनाको हक प्रवर्धनका लागि यो निकै ठूलो अवसर हो । आमसञ्चारको क्षेत्रमा पनि अनलाइन प्रविधिको बढ्दो प्रयोगसँगै नागरिकले सञ्चार माध्यमबाट प्राप्त गर्ने सार्वजनिक सूचना लिन सहज बन्दै गएको छ ।

सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सबै सूचनादाता निकायले अनलाइन स्पेसको सुरक्षित  प्रयोगको वातावरण बनाउनुपर्ने दायित्व थपिएको छ । अनलाइन स्पेसको बृद्धिसँगै एकातिर सूचना सङ्कलन, भण्डारण र प्रवाहमा सहजता आएको छ भने अर्कोतिर सूचना प्रविधि प्रणालीमाथिको अनाधिकृत पहुँच र दुरुपयोगको समस्याका कारण सूचनाको सुरक्षामा चुनौती थपिदै गएको छ । राज्य व्यवस्थाको सञ्चालन, विकासको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा जनताका दैनिक क्रियकलापहरु सूचना प्रविधिमा आधारित बन्दै गएकाले सार्वजनिक सूचनाको भण्डारण सुरक्षित बनाउनतिर ध्यान दिनुपर्ने बेला आएको छ ।

अनलाइन स्पेसलाई सुरक्षित गर्नका लागि कानुनी र संस्थागत गर्न सरकारले पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरेको छ । सूचनाको संरक्षण र सूचनाको हकको कार्यान्वयनका सन्दर्भमा अनलाइन स्पेस सुरक्षित गर्न यो महत्वपूर्ण पाइला हुने सरकारको विश्वास रहेको छ ।

अनलाइन स्पेसको विकाससँगै भ्रमपूर्ण सूचना आतङ्क बढ्न थालेको छ, यो पनि सूचनाको हकको सन्दर्भमा अर्को चुनौती हो । किनभने यसले नागरिकको सत्य जान्न पाउने अधिकार कुण्ठित गर्दछ ।

अनलाइन स्पेसलाई सुरक्षित बनाउँदै सूचनाको संरक्षण र सही रुपमा सूचना प्रवाह गर्ने संयन्त्रको विकास गर्नु अहिलेको महत्वपूर्ण आवश्यकता हो । त्यसका लागि नीति निर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउन राष्ट्रिय सूचना आयोगले नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरेको छु ।

सूचनाको हकसम्बन्धी ऐनले प्रत्याभूत गरेका कानुनी व्यवस्था कार्यान्वयनका लागि सरकार दृढ र प्रतिबद्ध छ । वर्तमान सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई आधारभूत मार्गदर्शन बनाएकाले पनि यसमा सूचनाको हकको कार्यान्वयन महत्वपूर्ण हुन्छ । नागरिकले विधिवतरुपमा मागेका सूचना मात्र होइन, सडक, सदन र सञ्चारमाध्यमबाट प्राप्त सूचनालाई पनि आधार मानेर सरकारले त्यसको यथाशक्य सम्बोधन गर्ने प्रयास गरिरहेको छ ।

यहाँहरुलाई थाहा नै छ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट केही समयअघिदेखि मात्रै चौबीसै घण्टा उपलब्ध हुने गरी 'हेलो सरकार' सञ्चालन गरिएको छ । जनताको गुनासो वा सूचनालाई ग्रहण गर्ने र त्यसको सम्बोधन गर्ने सवालमा सरकार दृढतापूर्वक अघि बढिरहेको छ । सुशासन र सामाजिक न्यायको मार्गदर्शनमा अघि बढ्न सूचनाको हकको कार्यान्वयन महत्वपूर्ण छ भन्ने तथ्यमा सरकार दृढ र स्पष्ट छ ।

सूचनाको हकसम्बन्धी ऐनको पूर्ण कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगसहित सरोकारवालाहरुले दिने गरेका सुझावप्रति सरकार गम्भीर छ । सूचनाको हकको प्रबर्द्धनलाई अभियानकै रुपमा अघि बढाउन सबै पक्षसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु । धन्यवाद ।

(सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा असोज ११ गते राष्ट्रिय सूचना आयोगले गरेको कार्यक्रममा माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राख्नु भएको मन्तव्य) ■



# 'पछिल्लो समय सूचना प्राप्त गर्न सहज'

राष्ट्रिय सूचना आयोगको नियमित वार्षिक कार्यक्रम अन्तर्गत २०८० भदौ २६ गते झापा जिल्लाको भद्रपुरस्थित जिल्ला समन्वय समितिको हलमा सूचनाको हक सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो। राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, प्रमुख अतिथि, हुनुहुन्थ्यो भने भद्रपुर नगरपालिका नगरप्रमुख गणेश पोखरेल, प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी अतिथि रहनु भएको थियो।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले सूचनाको हकको कार्यान्वयनमा यो अन्तर्क्रियात्मक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै सूचनाको हकको कानुन बनाउन र यसको कार्यान्वयनमा नेपाल पत्रकार महासंघले खेलेको भूमिकाको चर्चा गर्नु भयो। नागरिकले स्थानीय सरकारसँग बढी अपेक्षा गरेकोले स्थानीय तहका जनप्रतिनिधि र प्रशासनले नागरिक अपेक्षाबाट पञ्छिन नमिल्ने बताउँदै सूचनाको हकको कार्यान्वयनसम्बन्धी अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने तथा सार्वजनिक निकायले ३-३ महिनामा गर्नुपर्ने स्वत: प्रकाशन नियमित रुपमा गर्नुपर्नेमा जोड दिनु भयो। पछिल्लो समय सूचना प्राप्त गर्न सहज हुँदै गएको अनुभूति भएको उल्लेख गर्दै अध्यक्ष गिरीले सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि आयोगसँग सहकार्यका लागि नेपाल पत्रकार महासंघ सदैव तत्पर रहेको बताउनु भयो।

प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले सूचनाको हक नागरिकलाई सशक्तीकरण गर्ने भरपर्दो माध्यम रहेको उल्लेख गर्दै सूचनाको हकसँगै गोपनीयताको हकलाई पनि ख्याल गरेर सूचना प्रवाहलाई व्यवस्थित बनाउनु पर्नेमा जोड दिनु भयो। सरकारी कागजात धुल्याउने सम्बन्धी ऐन २०२७ ले कागजात धुल्याउने व्यवस्था गरेको र सूचनाको हकले सूचना संरक्षण गर्न जोड दिएको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी पोखरेलले कानुनमा रहेका यस्ता विरोधाभाषले सूचना प्रवाहलाई असहज बनाएको प्रशङ्ग उल्लेख गर्दै यस्ता विषयलाई कानुन संशोधन गरेर हल गर्न सके सूचनाको हकको कार्यान्वयन सहज हुने बताउनु भयो। नागरिकले माग गरेको सूचना दिनु सार्वजनिक निकायको आधारभूत दायित्व रहेको तथा जुन सूचना जति लुकाउन खोजियो त्यसप्रति सबैभन्दा बढी जिज्ञासा उत्पन्न हुने हुँदा नागरिकलाई मालिक ठानेर सूचना प्रवाहलाई सहज बनाउन सूचना राख्ने प्रणालीलाई भरपर्दो बनाउनु पर्नेमा प्रजिअ पोखरेलले जोड दिनु भयो।



जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालले सूचनाको हकसम्बन्धी कार्यक्रमले जिल्लास्तरमा सूचनाको हकको कार्यान्वयनमा मदत पुग्ने उल्लेख गर्दै कार्यक्रमका लागि झापा जिल्ला समन्वय समितिको हललाई रोजेकोमा आयोगलाई धन्यवादका साथ कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

कार्यक्रममा सञ्चारकर्मी प्रदीप परियारले सूचनाको हकलाई नागरिक तहसम्म पुऱ्याउन आयोगले पहल गर्नु पर्ने सुझाव राख्दै सार्वजनिक निकायले तोक नलगाई सूचना माग गरेको निवेदन दर्ता गर्न नमानेकोले त्यसउपर आयोगले के गर्छ ? भन्ने जिज्ञासा राख्नु भयो । सूचना पत्रकारले मात्र माग गर्ने हो कि भन्ने भ्रम रहेकोले यस विषयमा प्रष्टता आवश्यक रहेको सुझाव परियारले राख्नु भयो ।
सञ्चारकर्मी मोहन काप्रीले माग गरेको सूचना तत्काल नपाए त्यसको अर्थ नहुने बताउँदै सूचना प्रवाहलाई छिटोछरितो बनाउन कानुन परिमार्जन गर्नु पर्ने सुझाव राख्नु भयो । इलाका प्रशासन कार्यालय गौरीगञ्जका कार्यालय प्रमुख चुडामणि आपगाईंले सूचनादाताको क्षमता अभिवृद्धि गर्नुपर्ने, पूर्वाधार, प्रणाली, स्रोतसाधन डिजिटल स्टोरेजलाई व्यवस्थित बनाउन सकेमात्र सूचना प्रवाह सहज हुनेमा जोड दिँदै अमूर्त प्रकारले सूचना माग हुने गरेको बताउनु भयो । सञ्चारकर्मी अम्बिका भण्डारीले स्थानीय निकायले सूचना सङ्कलनलाई व्यवस्थित बनाउन नसकेको तथा प्रत्येक ३-३ महिनामा गर्नुपर्ने धारणा व्यक्त गर्दै स्वत:प्रकाशन नगरे कस्तो कार्वाही हुन्छ भन्ने जिज्ञासा राख्नु भयो ।



भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश प्रसाद पोखरेलले आयोगद्वारा आयोजित सूचनाको हकसम्बन्धी कार्यक्रमले हौसला प्रदान गरेको धारणा व्यक्त गर्दै स्थानीय तह नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने निकाय भएकाले त्यहाँ नागरिकले सूचना बढी माग गर्नु स्वाभाविक भएको बताउनु भयो । चुनौतीपूर्ण भए पनि नागरिकको चासोप्रति जनप्रतिनिधि गम्भीर बन्नु पर्ने बताउँदै नगर प्रमुख पोखरेलले सूचनाको हकको कार्यान्वयनमा स्थानीय तह मातहतका संघसंस्था र निकाय प्रतिबद्व हुनुपर्ने धारणा व्यक्त गर्नु भयो ।

दमक नगरपालिकाका सूचना अधिकारी समीप चुडालले कति सूचना माग भए र कति सूचना दिइयो भन्ने विषयलाई व्यवस्थित बनाउन सूचना आयोगले आधुनिक प्रविधिको प्रयोग गर्नु पर्ने सुझाव दिनु भयो । झापा गाउँपालिकाका सूचना अधिकारी पूर्णचन्द्र मैनालीले सार्वजनिक निकायमा छुट्टै सूचना शाखाको व्यवस्था गर्नु पर्ने बताउँदै सूचना अधिकारीको पनि छुट्टै सेवा समूह बनाउन सके सूचनाको हक कार्यान्वयन सहज हुने विचार व्यक्त गर्नु भयो। भद्रपुर नगरपालिकाका सूचना अधिकारी नेत्रप्रसाद पोखरेलले सूचना वर्गीकरण हुनु पर्ने धारणा व्यक्त गर्दै छुट्टै प्रयोजनका लागि सूचना माग गरेर सामाजिक सञ्जालमा राख्न मिल्छ कि मिल्दैन भन्ने जिज्ञासा राख्नु भयो ।

मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश पराजुलीले समयमै स्वत: प्रकाशन भए सूचना प्रवाहको क्षेत्रमा धेरै समस्या हल हुने धारणा राख्नु हुँदै सूचना मागकर्ताबाट सूचना माग गर्दा उल्लेख गरिएको प्रयोजन सही हो कि होइन कसरी निर्क्योल गर्ने भन्ने जिज्ञासा राख्नु भएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति झापाका गणेश चापागाईं, सञ्चारकर्मी चिरञ्जीवी घिमिरे, अभियन्ताहरु लक्ष्मण बस्नेत, ईश्वरा कँडेल तिवारीलगायतबाट सुझावसहित जिज्ञासा राखिएका थिए । सहभागीबाट राखिएको जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचना अधिकारीलाई सूचनामा पहुँच दिने जिम्मेवारी कार्यालय प्रमुखको रहेको बताउनु भयो । नेपालको संविधानले सूचना माग गर्ने प्राप्त गर्ने अधिकार नेपाली नागरिकलाई मात्र दिएको र विदेशी नागरिकलाई नेपालको संविधान र कानुनले सूचना माग गर्न र प्राप्त गर्ने अधिकार नदिएको प्रसङ्ग उल्लेख गर्दै सूचना आयुक्त मैनालीले संविधानले मौलिक हकका रुपमा सुनिश्चित गरेको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारलाई झन्झटका रुपमा नलिन आग्रह गर्नु भयो ।

कार्यक्रममा सूचनाको हकको प्रयोगबाट सुशासनमा पुगेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना-प्रसङ्गसहित सूचनाको हकको व्यावहारिक प्रयोगबारे सूचना आयुक्त मैनालीले र सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाबारे आयोगका उपसचिव रामप्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नु भएको कार्यक्रम आयोगका लेखा अधिकृत शर्मिला सुवेदीले सञ्चालन गर्नु भएको थियो । सहभागीको सक्रिय सहभागितासहित भव्य रुपमा सम्पन्न सो अन्तरक्रियात्मक कार्यक्रममा १ सय ८ जनाको उपस्थिति रहेको थियो ।




# 'कृषि उपजको मूल्यबारे सही सूचना प्रवाह हुन सके कृषक लाभान्वित हुने'

राष्ट्रिय सूचना आयोगको नियमित वार्षिक कार्यक्रम अन्तर्गत २०८० भदौ २७ गते इलाम जिल्लाको सदरमुकाम इलाम नगरपालिकाको हलमा सूचनाको हक सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भयो। राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीको अध्यक्षता, इलाम नगरपालिकाका उपमेयर विष्णुकुमारी लिम्बुको प्रमुख आतिथ्यता तथा इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, नेपाल पत्रकार महासंघ इलामका अध्यक्ष विप्लव भट्टराईको आतिथ्यतामा सम्पन्न भयो।

कार्यक्रममा मन्तव्य राख्दै नेपाल पत्रकार महासंघ इलामका अध्यक्ष विप्लव भट्टराईले सुशासन र पारदर्शिताका लागि सूचनाको हकको कार्यान्वयनमा जोड दिनु भयो। पत्रकारिता र सूचनाको हक अन्तरसम्बन्धित भएकोले सञ्चारकर्मीले यसको सही सदुपयोग गर्न सके सुशासनमा योगदान पुग्ने बताउँदै सूचना अधिकारीलाई सूचनामा पहुँचका लागि सशक्तीकरण गर्नु पर्नेमा अध्यक्ष भट्टराईले जोड दिनु भयो।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जिल्लामा सूचनाको हकको प्रयोग सकारात्मक रुपमा भइरहेको चर्चा गर्दै जिल्लाका सबै निकायमा नागरिक बडापत्रको व्यवस्था गरिएको बताउनु भयो। नागरिकका गुनासा सुन्न र नागरिकलाई सूचना प्रवाहका लागि इमेल, मोवाइल, ह्वाट्सएप, सामाजिक सञ्जाल र विभिन्न एप्समार्फत प्रयास गरिएको चर्चा गर्दै प्रजिअ पोखरेलले जिल्लाका सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको बताउनु भयो। प्रत्येक महिना कार्यालय प्रमुख र सूचना अधिकारीको बैठक राखी समीक्षासहित सूचना प्रवाहलाई सहज बनाउन आफूले निर्देशन दिएको बताउँदै प्रजिअ पोखरेलले नागरिकलाई सूचनामा सहज पहुँच होस भनेर नागरिकसँग अन्तरक्रियात्मक प्रणाली अवलम्बन गरिएको उल्लेख गर्नु भयो। मौसमी कामदारलाई विदेश लैजाने भन्ने विषयमा जिल्ला प्रशासन कार्यालयमा १७ वटा उजुरी परेको र सोबारे आफूले समयमै सही सूचना प्रवाह गरेकोले समस्या समाधान भएको स्मरण गर्दै प्रजिअ पोखरेलले जिल्ला प्रशासन कार्यालयमा सूचना मागको दुईवटा निवेदन प्राप्त भएको र दुबै निवेदकले माग गरेको सूचना प्रवाह भएको उल्लेख गर्नुभयो।

इलाम नगरपालिकाका उपमेयर विष्णुकुमारी लिम्बुले कृषि उपजको मूल्यबारे सही सूचना प्रवाह हुन सके कृषक लाभान्वित हुने चर्चा गर्दै प्रविधि र सूचनाको हकलाई जोडेर लैजानु पर्ने बताउनु भयो। पत्रकारले सत्य कुरा



पत्ता लगाएर तथ्यपरकढङ्गले सूचना प्रवाह गर्नुपर्ने धारणा राख्दै सामाजिक सञ्जाललाई सदुपयोग गर्न र सभ्य रुपले चलाउन नागरिकलाई अनुरोध गर्नु भयो ।

कार्यक्रमका सहभागी नेत्र तामाङले सूचना तुरुन्तै चाहिएको हुन्छ तर सूचना माग गर्ने र प्राप्त गर्ने प्रक्रिया लामो भएकोले यसलाई छिटोछरितो बनाउनु पर्ने सुझाव राख्नु भयो । अर्का सहभागी प्रेम घिमिरेले सूचना माग गर्नेले आर्थिक बाहेक अन्य विषयसँग सम्बन्धित सूचना माग गरेको नदेखिएकोले अन्य विषयसँग सम्बन्धित विषयमा पनि सूचना माग गर्न आग्रह गर्नु भयो ।

सञ्चारकर्मी राम योङहाङले इलामका १० वटै स्थानीय तहले स्वत: प्रकाशन नगरेको उल्लेख गर्दै ती निकायलाई स्वत: प्रकाशनको व्यवस्था गर्नका लागि आयोगको ध्यानाकर्षण गराउनु भयो ।

इलाम नगरपालिकाका प्रवक्ता नूतनदेव दुलालले सामाजिक सञ्जालबाट हुने गलत सूचना प्रवाह, समाचार तथा लेखमार्फत् आक्षेप लगाउने विषयमा आयोगले के गर्छ भन्ने जिज्ञासा राख्नु भयो ।

कार्यक्रममा दुर्गा श्रेष्ठ, कृष्णनारायण श्रेष्ठ, शोभा रिजाल, विजयशेखर भट्टलगायतका सहभागीले सूचनाको हकसम्बन्धी कानुनी व्यवस्था तथा आयोगको भूमिकाबारे जिज्ञासा सहित सुझावहरु राख्नु भएको थियो ।

सहभागीबाट राखिएका सुझावका लागि धन्यवाद ज्ञापन गर्दै सूचना आयुक्त रत्नप्रसाद मैनालीले जिज्ञासाको जवाफ दिनु भएको थियो । सूचनाको हकको कानुनी व्यवस्था तथा आयोगबाट सम्पादन भएका कार्य, सार्वजनिक निकायका पदाधिकारीलाई जवाफदेही बनाई सुशासन कायम गर्नका लागि आयोगबाट निर्वाह भएको भूमिकाको चर्चा गर्दै सूचना आयुक्त मैनालीले सूचना अधिकारीलाई सूचनामा पहुँच दिने जिम्मेवारी कार्यालय प्रमुखको रहेकोमा जोड दिनु भयो ।

सूचनाको हकको प्रयोग गरी सूचना माग गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रियालाई झन्झटिलो नमानी पूरा गर्नुपर्नेमा जोड दिंदै सूचना आयुक्त मैनालीले नागरिकले संविधानप्रदत्त मौलिक हकको प्रयोग गरी सूचना माग गर्दा दु:ख दिएको तथा हैरान पारेको रुपमा नलिन सूचना आधिकारी र कार्यालय प्रमुखलाई आग्रह गर्नु भयो । सूचनामा सूचना अधिकारीको सहज पहुँच हुन सके सूचना प्रवाह पनि सहज हुने उल्लेख गर्दै सूचना आयुक्त मैनालीले प्रवाह गर्न बाध्य नहुने सूचना, सूचनाको वर्गीकरण, सूचना माग गर्दाको प्रक्रिया, सूचनादाताको संरक्षणसम्बन्धी व्यवस्था लगायतका विषयमा विस्तृत चर्चा गर्नु भएको थियो । भौगोलिक रुपमा सुन्दर इलाम नगरपालिकालाई सूचनाको हकको कार्यान्वयनको नमूना नगर बनाउन आग्रह गर्दै सूचना आयुक्त मैनालीले कार्यक्रममा सक्रिय सहभागिताका लागि सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

कार्यक्रममा सूचनाको हकको प्रयोगबाट सुशासनमा पुगेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना-प्रसङ्गसहित सूचनाको हकको व्यावहारिक प्रयोगबारे सूचना आयुक्त मैनालीले र सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाबारे आयोगका उपसचिव रामप्रसाद ढकालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । आयोगका लेखा अधिकृत शर्मिला सुवेदीले सञ्चालन गर्नु भएको कार्यक्रममा १०२ जनाको उपस्थिति रहेको थियो । ■




# स्वतः प्रकाशन नगर्नु कानुनको उल्लङ्घन : सूचना आयुक्त मैनाली

सूचनाको हकका लागि राष्ट्रिय महासंघको राष्ट्रिय सम्मेलनको उद्घाटनका दिन २०८० असोज ११ गते स्वत: प्रकाशनको अवस्थाका विषयमा काठमाडौमा एक सेशन सञ्चालन भयो । सो सेशनमा प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति माननीय भानुभक्त जोशी, राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनाली, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदी तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद घिमिरे प्यानलिष्टका रुपमा सहभागी हुनुहुन्थ्यो ।

फ्रिडम फोरमका महासचिव सञ्जीव घिमिरेले सहजीकरण गर्नुभएको सो शेसनमा सहभागीका तर्फबाट प्यानलिस्टसमक्ष विविध प्रश्न, जिज्ञासा र सुझाव राखिएको थियो । सहजकर्ता सञ्जीव घिमिरेले २२ वटा संघीय मन्त्रालयमध्ये ७ वटाले मात्र स्वत: प्रकाशन अद्यावधिक गरेको देखिएको उल्लेख गर्दै स्वत: प्रकाशनको अवस्थाबारे पहिलो जिज्ञासा सूचना आयुक्त रत्नप्रसाद मैनालीलाई राख्नु भएको थियो ।

घिमिरेद्वारा राखिएको जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त मैनालीले सूचना प्रवाहलाई सहज बनाउन कतिपय विषयका सूचना अनिवार्य प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था रहेको र सार्वजनिक निकायले स्वत: प्रकाशन नगरे स्वत: प्रकाशन गर्न लगाउनु सचेत नागरिकको कर्तव्य भएको बताउनु भयो । कानुनले गर्नै पर्ने भनेर अनिवार्य गरेको स्वत: प्रकाशन नगरे कानुनको उल्लङ्घन भएको मानिने बताउँदै सूचना आयुक्त मैनालीले नागरिकले स्वत: प्रकाशन गर्न अनुरोध गर्दा पनि कुनै निकायले अटेर गरे त्यसको जानकारी आयोगलाई दिन अनुरोध गर्नु भयो ।

कार्यक्रममा हरिश्चन्द्र वागले सार्वजनिक निकायलाई सूचना अधिकारी अनिवार्य तोक्न आयोगले निर्देशन दिनु पर्ने सुझाव राख्नु भयो । बसन्त बञ्जाडेले आयोगको वेबसाइट खुल्न समस्या हुने गरेको बताउँदै आयोगलाई प्रविधिमैत्री बनाउनु पर्ने सुझाव राख्नु भयो । गुलाव कुमार चौधरीले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिवका नाममा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न आयोगले आदेश दिए पनि सो प्रतिवेदन अझै सार्वजनिक हुन नसकेको उल्लेख गर्दै आयोगले लाल आयोगको प्रतिवेदन कहिलेसम्ममा सार्वजनिक हुन्छ भनी सुनिश्चित गर्छ भन्ने प्रश्न राख्नु भयो । सुनित तिवारीले सर्वोच्च अदालतलगायत देशैभरका अदालतले स्वत: प्रकाशन गरेको नपाइएको उल्लेख गर्दै अदालतले चाहिं कानुनको पालना गर्नु नपर्ने हो कि भन्ने प्रश्न गर्नु भयो । कानुन सबैले पालना गर्नु पर्ने भएकोले सर्वोच्चलगायत सबै अदालतलाई स्वत: प्रकाशन नियमित रुपमा गर्न आयोगले आदेश दिनुपर्ने बताउनु भयो । कार्यक्रममा पूर्णप्रसाद मिश्रलगायतका अभियन्ताले स्वत: प्रकाशन तथा सूचनाको हकको कार्यान्वयनमा आयोगको भूमिकाबारे जिज्ञासासहित सुझाव राख्नु भएको थियो ।

सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिंदै सूचना आयुक्त मैनालीले लाल आयोगको प्रतिवेदन सार्वजनिक नगर्न परमादेश जारी गरिपाऊँ भनी नेपाल सरकारका तत्कालीन मुख्य सचिवले सर्वोच्च अदालतसमक्ष रिट निवेदन दिएको र सम्मानित सर्वोच्च अदालतबाट सो सम्बन्धमा रिट निवेदकको माग अनुसार परमादेश जारी भएको उल्लेख गर्दै सो प्रतिवेदन सार्वजनिक कहिले गर्ने वा नगर्ने भन्ने विषय सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र परेकोले आयोगबाट सोबारे तत्काल केही हुन नसक्ने स्पष्ट पार्नु भयो ।

अर्को प्रश्नको जवाफमा सूचना आयुक्त मैनालीले कानुनले सबैलाई बरार देख्ने भएकोले सर्वोच्च अदालतलगायतका न्यायिक निकायबाट स्वत: प्रकाशन नभएको विषयबारे आयोगमा छलफल गरी त्यसका लागि आवश्यक पहल गरिने बताउँदै प्राविधिकलगायतका समस्या समाधानमा आयोग गम्भीरतापूर्वक लागिरहेको बताउनु भयो ।

सो सेशनका प्यानलिस्टहरु शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति माननीय भानुभक्त जोशी, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदी तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद घिमिरेले पनि आफ्नो निकायसँग सम्बन्धित विषयमा सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनु भएको थियो । ■




# सूचनाको हकका लागि राष्ट्रिय महासंघको प्रथम राष्ट्रिय अधिवेशनको उद्घाटन

'सूचना मागौं, भ्रष्टाचारको अन्त्य गरौं' भन्ने नाराका साथ शुरु भएको सूचनाको हकका लागि राष्ट्रिय महासंघको प्रथम राष्ट्रिय महाधिवेशन तथा तेस्रो साधारण सभाको उद्घाटन २०८० असोज १२ राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले एक समारोहका बीच गर्नुभयो। कार्यक्रममा प्रमुख आयुक्त गुरुङ्गले महासंघको माध्यमबाट सूचनाको हकमा सर्वसाधारण नागरिकको पहुँच बृद्धि हुने र सार्वजनिक निकायलाई जवाफदेही र पारदर्शी बनाउन सकिने विश्वास व्यक्त गर्दै लोकतान्त्रिक पद्धतिमा सूचनाको हकको माध्यमबाट सर्वसाधारण नागरिकलाई सशक्त बनाउन सकिने विश्वास व्यक्त गर्नु भयो।

सूचनाको हक कार्यन्वयनमा महासंघको सक्रियता जरुरी र आवश्यक भएको उल्लेख गर्दै प्रमुख सूचना आयुक्त गुरुङ्गले यसका लागि आयोग महासंघसँग सहकार्यका लागि सदा तत्पर रहेको धारणा राख्नु भयो। कार्यक्रमको अध्यक्षतासमेत गर्नु भएका सूचनाको हकका लागि राष्ट्रिय महासंघका अध्यक्ष उम्मिद बागचन्दले आयोगले सूचनाको हकको कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने विचार व्यक्त गर्नु भएको थियो। जिल्ला, प्रदेश, उपत्यकाका प्रमुख तथा उपाध्यक्षहरुले पनि बोल्नुभएको कार्यक्रममा ७ प्रदेश, ७७ जिल्ला तथा स्थानीय तहमा क्रियाशील महासंघका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। ■

# राष्ट्रिय सूचना आयोग आफ्नै भवनमा

राष्ट्रिय सूचना आयोगले साउन १४ गतेदेखि त्रिपुरेश्वरस्थित सूचना आयोग भवनबाट कार्यारम्भ गरेको छ। आयोग स्थापना भएको १६ औं वर्ष भइसक्दा पनि विभिन्न स्थानमा भाडाको भवनबाट कार्य गर्दै आउँदा आयोगबाट सम्पादन हुने कार्यमासमेत असर परिरहेको थियो। यस किसिमको अवस्थाको अन्त्यका लागि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'बाट आयोगका लागि उपयुक्त स्थानमा भवन उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएको थियो। सोहीबमोजिम आयोगका पदाधिकारीहरुसँगको छलफलपश्चात् सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल




'प्रचण्ड' को विशेष पहलमा २०७९।१२।०५ मा नेपाल सरकार (मुख्य सचिवस्तर)बाट शहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गर्ने भन्ने निर्णय र सोही सन्दर्भमा शहरी विकास मन्त्रालयको मा.मन्त्रीस्तरबाट २०७९।१२।२९ को निर्णय बमोजिम उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय (मा.मन्त्रीस्तर)बाट २०८०।०२।२६ मा भएको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको पुरानो भवन राष्ट्रिय सूचना आयोगलाई उपलब्ध भएको छ। आयोगले २०८०।०४।१४ देखि सोही भवनबाट आफ्नो कार्य सञ्चालन गरेको छ। ■

# सूचना उपलब्ध नगराउने प्यारामाउण्ट बोर्डिङ स्कूलका प्राचार्य गुरूङ्गलाई १५ हजार जरिवाना

संविधानप्रदत्त नागरिकको सूचनाको हक र कानुनी व्यवस्थाको पालना नगर्ने कास्की जिल्ला रामघाटस्थित प्यारामाउण्ट बोर्डिङ स्कूलका कार्यालय प्रमुख, प्राचार्य, श्रीमान गुरूङ्गलाई राष्ट्रिय सूचना आयोगले १५ हजार रुपैयाँ जरिवानाको आदेश गरेको छ। कास्की जिल्ला, पोखरा म.पा.-१६, बाटुलेचौर निवासी यदुनाथ वञ्जाराले सूचनाको हकको प्रयोग गरी सो कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखसमक्ष सूचना माग गर्दा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी आयोगसमक्ष २०७९।०७।२० मा पुनरावेदन गर्नु भएको थियो। उक्त पुनरावेदनको सम्बन्धमा आयोगले सूचनाको हकसम्बन्धी ऐनबमोजिम कानुनी प्रक्रियामार्फत् सूचना उपलब्ध गराउन आदेश दिएको थियो। विपक्षीबाट पुनरावेदकले माग गरेको सूचना नदिनका लागि पर्याप्त आधार पनि पेश गर्न नसकेको र सूचना पनि उपलब्ध नगराएकोले प्राचार्य, श्रीमान गुरूङ्ग, प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्कीका नाममा सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाही हुने व्यहोराको आदेश २०७९।०५।०४ मा भएको हो।

आयोगको आदेशमा, सूचना मागकर्ताले माग गरेको सूचना, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पर्ने विषय नभएको तथा  आयोगबाट विपक्षी प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्कीका नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना मागकर्ता नागरिकका तर्फबाट माग भएको सूचना उपलब्ध गराउने प्रयास नभएको उल्लेख गरिएको छ। आदेशमा 'आयोगबाट पटक-पटक संविधानप्रदत्त नागरिकको अधिकारको सम्मान गरी सूचना उपलब्ध गराउन आदेश हुँदा पनि विपक्षी कार्यालयका प्रमुखबाट सूचनाको हकसम्बन्धी कानूनको पालना हुन नसकेको उल्लेख गर्दै सार्वजनिक निकायको प्रमुखजस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिब कारणबिना नै संवैधानिक तथा कानूनी रुपमा नागरिकलाई प्राप्त अधिकारको बेवास्ता गरेको, कानून पालना गर्न गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनु पर्ने संवैधानिक र कानूनी दायित्वबाट विमुख भई कानूनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट हुन्छ' भनिएको छ। निर्णय नम्बर २६२ रहेको सो आदेशमा भनिएको छ, 'आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्कीका प्रमुख, प्राचार्य, श्रीमान गुरूङ्गलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को दफा (१) बमोजिम कारबाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि आफ्नो जिम्मेवारी पालनामा पूर्णत: गैरजिम्मेवार देखिएकोले नागरिकको संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैरजिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको विकल्प आयोगसँग रहेन। यसर्थ, नागरिकको संविधानप्रदत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लङ्घन गर्ने प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्कीका प्रमुख, प्राचार्य, श्रीमान गुरूङ्गलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम रु. १५,०००।- (पन्ध्र हजार रुपैयाँ मात्र) जरिवाना हुने ठहर्छ।'

आयोगको इजलाशले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम गरेको जरिवानासूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ६(७) बमोजिम असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउन पनि आदेश गरेको छ। त्यस्तै प्यारामाउण्ट बोर्डिङ स्कूल, रामघाट, कास्कीसँग भएको सूचना पुनरावेदकलाई उपलब्ध गराई दिन र सो को जानकारी आयोगलाई दिनसमेत पोखरा महानगरपालिकाका नगर प्रमुखलाई लेखी पठाउनू भनी आदेश गरेको छ। ■

## २०८० साउनदेखि असोज मसान्तसम्म आयोगमा प्राप्त उजुरी, निवेदन र पुनरावेदन

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा सूचना माग गर्दा पनि प्राप्त नभएपछि ती निकायलाई विपक्षी बनाई सूचना उपलब्ध गराई पाऊँ भनी साउनदेखि असोज मसान्तसम्मको अवधिमा राष्ट्रिय सूचना आयोगसमक्ष १ सय ८३ पुनरावेदन प्राप्त भएका छन् । नागरिकबाट प्राप्त पुनरावेदनउपर आवश्यक प्रक्रिया पूरा गरी आयोगले ऐनको दफा १०(२) बमोजिम ७ दिनभित्र लिखित जवाफ पेश गर्नू १ सय ७५ सार्वजनिक निकायलाई भन्ने आदेश जारी गरेको छ । यही अवधिमा आयोगबाट दफा १०(३) (क) बमोजिम सूचना उपलब्ध गराउनू भन्ने आदेश ७७ वटा आदेश भएका छन् भने दफा १०(३)(ख) बमोजिम पुनरावेदन भन्ने आदेश ३३ भएका छन् । आयोगबाट दफा ३२(२) बमोजिम सूचना दुरुपयोग सम्बन्धी आदेश १ आदेश भएको छ भने दफा ३२(१) जरिवानाको आदेश एउटा भएको छ ।

## कर्मचारीको अवकाश/सरुवा/पदस्थापना

यस आयोगमा कार्यरत कानून अधिकृत संजिप कुमार अधिकारी मिति २०८०।०५।११मा कम्पनी रजिष्ट्रारको कार्यालयमा सरुवा हुनुभयो भने आयोगको सचिवको रुपमा होमप्रसाद लुइँटेल पर्यटन विभागबाट सरुवा भई मिति २०८०।०६।०२ मा आयोगमा हाजिर हुनुभएको छ । साथै यसै अवधिमा आयोगमा कार्यरत उपसचिव राम प्रसाद ढकाल मिति २०८०।०६।१२ मा अनिवार्य अवकाश हुनुभएको छ भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट सरुवा भई भइ उपसचिव सन्तोष कुमार दाहाल मिति २०८०।०६।१५ मा आयोगमा हाजिर हुनु भएको छ । लेखा अधिकृत शर्मिला सुवेदी २०८०।०४।२६, कम्प्युटर इन्जिनियर प्रिता दाहाल २०८०।०४।३२ र कम्प्युटर अपरेटर मोहन ज्ञवाली २०८०।०४।०१ गते देखि आयोगमा सरूवा भई आउनु भएको छ ।

**बैठक नं. २८७(३)४७**
**मिति २०८०।०४।१७**
## निर्णय

१. राष्ट्रिय सूचना आयोगले मिति २०८० भाद्र ३ गतेका दिन १७ औँ राष्ट्रिय सूचना दिवस आयोगको नयाँ भवन त्रिपुरेश्वरको हलमा मूल समारोहको कार्यक्रम आयोजना गर्ने। यस अवसरमा सूचनाको हकसम्बन्धी कार्यक्रम गरी दिवस मनाउन प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरुलाई, जिल्ला प्रशासन कार्यालयहरुलाई गृह मन्त्रालयमार्फत र स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अनुरोध गर्ने। यसका साथै सरोकारवाला निकायहरु र सञ्चार माध्यमहरुलाई यस अवसरमा सूचनाको हकसम्बन्धी कार्यक्रम गर्न गराउन आह्वान गर्ने।

२. आयोगका पूर्व पदाधिकारीले सूचनाको हक कार्यान्वयन क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान र कदर गर्न पूर्व पदाधिकारीहरू मध्येबाट प्रत्येक वर्ष राष्ट्रिय सूचना दिवसका अवसरमा एक जना पूर्व पदाधिकारीलाई सम्मान गर्ने व्यवस्था भए अनुसार यस वर्ष पूर्व सूचना आयुक्त श्री सबिता भण्डारीलाई सम्मान गरी कदर पत्र प्रदान गर्ने।

आयोगलाई सूचना प्रविधियुक्त बनाई कार्यदक्षता बृद्धि गर्न आवश्यक सहयोगका लागि नेपाल दूरसञ्चार प्राधिकरणलाई अनुरोध गरिएकोमा प्राधिकरणबाट सूचना प्रविधि सम्बन्धी उपकरण तथा प्रणाली अपग्रेड सहितको सहयोग उपलब्ध गराएकोमा नेपाल दूरसञ्चार प्राधिकरणलाई धन्यवादको प्रमाण पत्र प्रदान गर्ने।

३. आयोगको कार्यालय बानेश्वरस्थित भाडाको घरबाट सेवा प्रवाह हुँदै आएकोमा नेपाल सरकारले त्रिपुरेश्वर स्थित कम्पनी रजिष्ट्रारको कार्यालय रहेको भवन आयोगलाई उपलब्ध गराएकोले यही साउन १४ गतेबाट नयाँ स्थानबाट आयोगको नियमित सेवा प्रवाह सुचारु भएको र कार्यालय व्यवस्थापनका कामहरु भइरहेको व्यहोरा आयोग समक्ष जानकारी भयो।

४. विविध
   क. राष्ट्रिय सूचना आयोग र एसिया फाउण्डेशनबीच सेप्टेम्बर सम्मको विभिन्न कार्यक्रम सम्बन्धमा सम्झौता पत्रमा आयोगका तर्फबाट आयोगका सचिव र एशिया फाउण्डेशनका तर्फबाट प्रोग्राम डाइरेक्टरले हस्ताक्षर गर्नु भएको जानकारी भयो।
   ख. एसिया फाउण्डेशनबाट आगामी आ. व. का लागि प्रस्तावित कार्यक्रम माग भएको सम्बन्धमा छलफल भयो र छलफल भएको कार्यक्रमको मस्यौदा पठाउने निर्णय भयो।
   ग. फ्रिडम फोरमले सूचनाको हकसम्बन्धी विभिन्न क्रियाकलापहरुमा यस आयोगसँग सहकार्य गर्न सहमति माग भएकोमा आ. व. २०८०/८१ का लागि प्रचलित कानून बमोजिम तथा नेपाल सरकारको नीति विपरित नहुने र यस आयोगको समन्वयमा सूचनाको हकसम्बन्धी कार्य गर्न मात्र प्रस्तावमा उल्लेख भए बमोजिमका क्रियाकलापहरुमा सहकार्य गर्न सहमति प्रदान गर्ने।

## बैठक नं. २८८(३)४८
## मिति २०८०।०६।०५
### निर्णय

१. सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, (Sept 28) UNESCO ले यस वर्ष २०२२ का लागि घोषणा गरेको विषय वस्तुमा आधारित रहेर "अनलाइन स्पेस र सूचनाको हक अवसर र चुनौती" विषयक राष्ट्रिय गोष्ठी आयोजना गर्ने। उक्त कार्यक्रम आयोजना गर्न डिजिटल राइट्स नेपालबाट प्राप्त सहकार्य गर्ने प्रस्ताव उपर छलफल हुँदा गोष्ठीको विषय वस्तु र संस्थाको अनुभव तथा सूचनाको हकसँग रहेको सम्बन्धलाई ध्यानमा राखी सहकार्य गर्ने निर्णय भयो। उक्त गोष्ठीमा डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक श्री सन्तोष सिग्देलले कार्यपत्र पेश गर्ने र उक्त कार्यपत्र उपर ३ जना टिप्पणीकर्ताहरु आयोगका आयुक्त रत्न प्रसाद मैनाली, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिल कुमार दत्त र सञ्चारिक समूहका अध्यक्ष श्री विमला तुम्खेवाले टिप्पणी गर्ने।

२. भद्रपुर नगरपालिकाबाट च. नं. २७१ मिति २०८०।०४।३१ को पत्र पठाई सूचना मागकर्ता लक्ष्मण बस्नेतले नगरपालिका समक्ष सूचना माग गर्दा प्राप्त नभई आयोगमा पुनरावेदन गरेको र माग भएको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) अनुसार दिन मिल्ने नमिल्ने स्पष्ट गराई पाऊँ भनी राय माग भएको। आयोगमा परेको पुनरावेदन नं. १२८ को मिसिलको अध्ययन गर्दा सूचना मागकर्ताले नगरपालिकाका सूचना अधिकारी समक्ष माग गरेको सूचना देहाय बमोजम रहेको देखिन्छ :
   १. कोल्ड स्टोर निर्माणमा भारतीय राजदूतावासबाट के कस्तो अनुदान प्राप्त भएको हो ? सोको फेहरिस्त विवरण।
   २. भद्रपुर नगरपालिकाले के कति रकम भुक्तानी गरेको हो ?
   ३. कोल्ड स्टोर निर्माण भएको जग्गा कसको नाममा छ ? सोको पुर्जाको प्रमाणित प्रतिलिपि।

   उल्लेखित सूचना उपलब्ध गराउँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (क) आकर्षित हुने अवस्था देखिँदैन। तसर्थ, यसरी माग भएको सूचना उपलब्ध गराउन बाधा पर्नु पर्ने देखिँदैन। माग भएको सूचना उपलब्ध गराई सकेको भए थप केही गरिरहनु परेन, उपलब्ध गराउन बाँकी भएमा सूचना उपलब्ध गराउन बाधा पर्ने अवस्था नदेखिने।

३. नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ उल्लेख गरी नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने अधिकार प्रदान गरेको छ। सोही व्यवस्थालाई कार्यान्वयन गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ र उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ व्यवस्था गरको छ। त्यसै गरी सोही ऐनको दफा २ को खण्ड (क) मा संविधान अन्तर्गतका निकाय, ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा गठित निकाय, प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्वारा गठित निकाय, स्थानीय तह वा त्यसका कार्यालयहरू, कानूनद्वारा स्थापित सार्वजनिक सेवाप्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान, प्रचलित कानूनबमोजिम दर्ता भएका राजनैतिक दल तथा सङ्गठन, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था, नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकार वा विदेशी

राष्ट्र वा अन्तरराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था, प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ र संस्थाहरू, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्थाहरुलाई सार्वजनिक निकायका रुपमा परिभाषित गरेको छ। सार्वजनिक निकायको परिभाषामा रहेको व्यापकता र विषयवस्तुको कार्यान्वयन गर्नु पर्ने दायित्व सार्वजनिक निकायको रहेको हुँदा त्यस्ता सार्वजनिक निकायमा रहने पदाधिकारी, कार्यालय प्रमुख तथा सूचना अधिकारी र अन्य कर्मचारीलाई समेत सूचनाको हकका बारेमा र अपनाउनु पर्ने कार्यविधिका बारेमा जानकारी हुन आवश्यक हुन्छ। राष्ट्रिय सूचना आयोगले समय समयमा सिमित जनशक्ति र बजेटको सदुपयोग गरी अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने गरिरहेको नै छ। तर यसबाट मात्र पर्याप्त हुने अवस्था छैन र संभव पनि हुँदैन।

सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका लागि विभिन्न प्रकारका तालिम, प्रशिक्षण, अभिमुखीकरण, गोष्ठी, छलफल, कार्यक्रमहरु सञ्चालन गर्न विभिन्न संस्थाहरु सक्रिय रहेका छन्। ती संस्थाहरुले विभिन्न पाठ्यक्रम बनाई कार्यक्रमहरु सञ्चालन गरेको पाइन्छ। यस आयोगबाट यस भन्दा अगाडि पनि विभिन्न तालिम प्रशिक्षण चलाउने संस्थाहरुलाई त्यस्तो पाठ्यक्रममा अनिवार्य रुपमा सूचनाको हकको विषयलाई समावेश गर्न गराउन अनुरोध भए अनुरुप कतिपय संस्थाहरुले यस्तो कार्यलाई प्राथमिकता दिइरहेको पाइन्छ। यसका लागि त्यस्ता संस्थाहरु प्रति आयोग आभार व्यक्त गर्दछ। तर यसै बीचमा यस्तै प्रकारका कार्यका लागि नयाँ नयाँ संस्थाहरु पनि स्थापना भई रहेको र संघीयताको कार्यान्वयन क्रममा नयाँ संस्थाहरु खडा हुनु स्वभाविक नै मान्नु पर्ने हुन्छ।

विश्वको १२६ भन्दा बढी राष्ट्रमा सूचनाको हकसम्बन्धी कानून बनाई कार्यन्वयनमा रहेका छन्। संयुक्त राष्ट्र संघले सूचनाको हकको महत्वलाई ध्यानमा राखी सेप्टेम्बर २८ लाई सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाउने निर्णय गरे अनुरुप यस दिनलाई प्रत्येक वर्ष मनाउने गरिएको छ। साथै दिगो विकास लक्ष्यको सूचकांक १६.१०.२ मा सूचनामा पहुँचसम्बन्धी व्यवस्था राखिएको छ। संयुक्त राष्ट्र संघीय मानव अधिकार समिति तथा Transperancy International का प्रतिवेदनहरुमा सूचनाको हकलाई मानव अधिकारका रुपमा स्वीकार गरिएको छ।

उल्लेखित कारणहरुले गर्दा पनि लोकतान्त्रिक पद्वतिमा सूचनाको हकको महत्व र सार्वजनिक निकायहरुका क्रियाकलापहरुमा सर्वसाधरण नागरिकहरुको सहभागिता बढाई सुशासन कायम गर्न आवश्यक भएको सन्दर्भलाई ध्यानमा राखी देहायका संस्थाहरुलाई सूचनाको हकसम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गरी त्यस्ता संस्थाबाट सञ्चालन हुने तालिम, प्रशिक्षण, गोष्ठी, अभिमुखीकरण वा त्यस्तै प्रकारका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था हुन लेखी पठाउने। साथै त्यस्तो कार्यक्रममा प्रशिक्षकहरुको आवश्यकता भएमा आयोगबाट आवश्यक सहयोग र समन्वय हुने जानकारी गराउने।

## देहाय

| क्र. | नाम र ठेगाना | क्र. | नाम र ठेगाना |
|---|---|---|---|
| १ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान<br>जावलाखेल, ललितपुर । | १७ | एपीएफ कमाण्ड एण्ड स्टाफ कलेज<br>सशस्त्र प्रहरी वल, नेपाल प्रधान कार्यालय<br>सानो गौचर काठमाडौं । |
| २ | महिला विकास प्रशिक्षण केन्द्र<br>जावलाखेल, ललितपुर । | १८ | पशु सेवा तालिम तथा प्रसार निर्देशनालय<br>हरिहर भवन, ललितपुर । |
| ३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान,<br>रविभवन, काठमाडौं । | १९ | शिक्षा तालिम केन्द्र<br>वागमती प्रदेश, धुलिखेल काभ्रे । |
| ४ | हुलाक प्रशिक्षण केन्द्र<br>ववरमहल, काठमाडौं । | २० | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तालिम केन्द<br>भण्डारा, चितवन । |
| ५ | सैनिक कमाण्ड तथा स्टाफ कलेज<br>शिवपुरी, काठमाडौं । | २१ | लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र<br>त्रिपुरेश्वर, काठमाडौं । |
| ६ | परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान<br>कान्तिपथ, काठमाडौं | २२ | नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान<br>सानोठिमी, भक्तपुर । |
| ७ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र<br>धुलीखेल, काभ्रे । | २३ | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द<br>नयाँवानेश्वर, काठमाडौं । |
| ८ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र<br>टेकु, काठमाडौं । | २४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र<br>हरिहर भवन, ललितपुर । |
| ९ | शिक्षा तथा मानव स्रोत विकास केन्द<br>सानोठिमी, भक्तपुर । | २५ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र<br>हरिहर भवन, ललितपुर । |
| १० | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र<br>ववरमहल, काठमाडौं । | २६ | व्यवसायिक तथा सिप विकास तालिम प्रतिष्ठान<br>भैसेपाटी, ललितपुर । |
| ११ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान<br>महाराजगञ्ज, काठमाडौं । | २७ | न्याय सेवा तालिम केन्द्र<br>ववरमहल , काठमाडौं । |
| १२ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान<br>जावलाखेल, ललितपुर । | २८ | नेपाल धितो पत्र वोर्ड नेपाल |
| १३ | नेपाल वीमा समिति<br>रामशाहपथ, काठमाडौं | २९ | शिक्षा तालिम केन्द्र<br>वागमती प्रदेश, धुलिखेल काभ्रे |
| १४ | नेपाल राष्ट्र बैंक<br>वालुवाटार, काठमाडौं | ३० | कृषि विकास बैंक<br>रामशाहपथ, काठमाडौं |
| १५ | नेपाली सेना, भद्रकाली | ३१ | नेपाल बैंकर्स एशोसिएसन, थापाथली |
| १६ | प्रदेश सुशासन केन्द्र, सातै प्रदेश | ३२ | राष्ट्रिय वाणिज्य बैंक, रामशाहपथ |

४. हालै सरकारले व्यवस्थापिका संसदमा पेश गरेको विद्यालय शिक्षा विधेयक, २०८० को अध्ययन गरी सूचनाको हकसम्बन्धी कानूनसँग बाझिने वा पारदर्शिता वा सुशासनमा असर पर्ने कुनै विषय भए अर्को बैठकमा पेश गर्ने ।

५. विविध

क. पाठ्यक्रम विकास केन्द्रले कक्षा ८ को पाठ्यक्रममा सूचनाको हकसम्बन्धी विषय समावेश गरेकोमा समावेश भएको विषयलाई अझ स्पष्ट र प्रभावकारी बनाउन सूचनाको हक शीर्षक नै राख्ने व्यवस्था हुन तथा आयोगको ठेगाना परिवर्तन भएकोले ठेगाना सच्याउने व्यवस्था हुन पाठ्यक्रम विकास केन्द्रलाई अनुरोध गर्ने ।

ख. इलाम जिल्लाको १० वटै स्थानीय तहमा सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा (४) बमोजिम ३/३ महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने दफा ५(३) बमोजिमको सूचना प्रकाशन नगरेको जानकारीमा आएको हुँदा सो सम्बन्धमा आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम प्रमुख जिल्ला अधिकारीलाई सोको कार्यान्वयनको लागि निर्देशन गर्ने ।

ग. आयोगमा सरुवा भई आउनु भएका सचिव श्री होम प्रसाद लुइटेललाई स्वागत गर्ने ।

**सम्पादक मण्डल :** **रत्नप्रसाद मैनाली** (सूचना आयुक्त), **होम प्रसाद लुईंटेल** (सचिव), **हरिहर कार्की** (शाखा अधिकृत)

**सल्लाहकार :** **महेन्द्र गुरुङ** (प्रमुख सूचना आयुक्त), **कमला ओली थापा** (सूचना आयुक्त)

**प्रकाशक :**

**राष्ट्रिय सूचना आयोग**

**सूचना आयोग भवन**, त्रिपुरेश्वर, काठमाडौँ, नेपाल, **फोन नं :** ०१-४५९६५४४, **फ्याक्स नं :** ०१-४५९६५४५

**वेबसाइट :** nic.gov.np **इमेल :** info@nic.gov.np

/rtinepal /suchanaayog

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित । यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन्छ र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन भन्ने जरूरी छैन ।

USAID अमेरिकी जनताबाट

CIVIL SOCIETY & MEDIA STAND

The Asia Foundation